# छैठौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री मञ्जु के.सी.ले पेश गर्नु भएको आगामी आर्थिक वर्ष २०७७/७८ को समग्र आय, ब्यय विवरण, बजेट तथा मुख्य कार्यक्रमहरु

गाउँसभाका अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्युहरु,

सर्वप्रथम आजको यस गरीमामय गाउँसभामा उपस्थित भईरहँदा म ज्ञात अज्ञात शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । विगतका ऐतिहासिक आन्दोलनका घाइते एवम् अंगभंग हुनुभएकाहरु नेपाली महानुभावहरु प्रति उच्च सम्मानभाव ब्यक्त गर्न चाहन्छु ।

साथै विगत केही महिना देखि विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ बाट ज्यान गुमाउनु हुने सबैप्रति यस अवसरमा श्रद्धाञ्जली ब्यक्त गर्न चाहन्छु । उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु, यस गाउँको सम्बृद्धि र विकासमा चासो र सरोकार राख्नु हुने राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी, मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, उद्योग व्यवसायी, बुद्धिजिवी, संचारकर्मी तथा आम गाउँबासीहरु समक्ष गाउँपालिकाको छैठौं सम्मानित गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को समग्र आय, ब्यय विवरण, बजेट तथा मुख्य कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस गाउँपालिकाको स्थापनाकाल देखि “शिवपुरी समृद्धि र विकासको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार” भन्ने मूल ध्येय रही आएको छ । गत वर्ष विभिन्न सरोकारवालाहरुबीचको गहन छलफल र मेहनतबाट तर्जुमा गरिएको आवधिक योजनाले समेत उक्त दीर्घकालीन सोचलाई निरन्तरता दिएको छ । उक्त सोचलाई कार्यान्वयन गर्न र सम्बृद्ध शिवपुरी निर्माण गर्ने उद्धेश्यलाई व्यवहारमा उतार्न विभिन्न चरणको सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी तर्जुमा गरिएको आगामी आर्थिक वर्ष २०७७/७८ को गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम बमोजिम गाउँपालिका उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट र मुख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा हार्दिक आभारी छु ।

सीमिति स्रोत साधनको कुशल ब्यवस्थापन गर्दै विगतका सिकाई र भोगाईबाट आगामी दिनमा नतिजामा आधारित उपलब्धिमुलक योजना निर्माण र प्रभावकारी कार्यान्वयबाट मात्र सम्बृद्धि हासिल हुने विश्वास लिएको छु । विकासका प्रयासहरुमा यो वर्ष कोभिड १९ को माहामारीले

प्रतिकुलता ल्याए पनि आगामी वर्ष अनुकुल हुने र पुर्ण क्षमताका साथ विकासका गतिविधिहरु संचालन हुने अपेक्षा राखेको छु ।

बजेट निर्माण गर्दा राष्ट्रिय तथा प्रदेश योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दीगो विकासका लक्ष्यहरु हासिल गरी राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्ने कार्यमा यस गाउँपालिकाबाट सो अनुरुपका क्रियाकलाप सञ्चालन गरिने गरी बजेट विनियोजन गरेका छौ । साथै गाउँपालिकाको सोच र आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत उद्देश्यहरु हासिल गर्ने अभिप्रायका साथ कृषि क्षेत्र र स्वास्थ्यलाई प्राथमिकतामा राखी उत्पादन वृद्धि, रोजगारका अवसरको सिर्जना, शैक्षिक गुणस्तरमा सुधार तथा पुर्वाधार विकासलाई जोड दिईएको छ ।

**यस सभाका सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको चालु आ.व. २०७६/७७ को आषाढ मसान्त सम्मको अनुमानित बजेट विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ ब २०७६/०७७ को  अनुमानित बजेट ३९,२८,१७,०००।- (उनन्चालीस करोड अठ्ठाइस लाख सत्र हजार) मध्ये चालु आ.ब.को आषाढ मसान्त सम्ममा रु.३७,००,००,०००।- (अक्षरुपी रु.सैतीस करोड मात्र) मात्र प्राप्त हुने अनुमान गरिएको छ। गाउँपालिकाको आन्तरीक राजश्व अनुमान गरेको तुलनामा न्यून उठ्नुका साथै कोरोना भाईरसको रोकथाम र नियन्त्रणका लागि भएको लकडाउनको कारण संघ तथा प्रदेश सरकारबाट प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त नहुँदा बजेट प्राप्तीको अनुमान कम हुन गएको छ । यसकारण आर्थिक वर्ष २०७६/७७ मा सञ्चालीत सबै योजनाको भुक्तानी गर्न नसकिने देखिएकोले आगामी आ.ब.मा दायित्व सार्ने व्यवस्था गरिएको छ ।

**सभा अध्यक्षज्यू,**

अब म चालु आ.ब.को समग्र योजना तथा कार्यक्रमको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पुर्वाधार तर्फ**

- पुर्वाधार तर्फ चालु आ. व. मा गाउँपालिकाको भवन निर्माण सम्पन्न भई नव निर्मित भवनबाट प्रशासनिक तथा सेवा प्रवाहको काम शुरु भईसकेको छ। वडा कार्यालय तर्फ वडा नं ६ को भवन निर्माण सम्पन्न हुने अवस्थामा छ भने वडा नं ७ को शुरु भएको छ ।

- शिवपुरी गाउँपालिकाको सबै वडा समेट्ने गरी शिवपुरी कृषि रिङ्गरोडको चालु आ. व. मा संचालित काम सम्पन्न हुने चरणमा छ ।
- कोभिड १९ बाट सिर्जित चुनौतीका बाबजुद चालु आ.ब.मा सञ्चालित धेरै जसो पुर्वाधारका आयोजनाहरु सम्पन्न भएका छन् । केही आयोजनाहरु अन्तिम चरणमा रहेका छन् ।
- वडा गौरवका योजनाहरु ठेक्का व्यवस्थापन मार्फत सञ्चालन गरिएकोमा काम सम्पन्नको अन्तिम चरणमा रहेका छन् ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु अन्तिम चरणमा रहेका छन् । ढिलो अख्तियारी प्राप्त भएका कारण केही योजना अहिले पनि सञ्चालन भई रहेका छन् ।
- योजना सञ्चालन व्यस्थापनलाई प्रभावकारी वनाउन प्राविधिकको व्यवस्था र अनुगमनलाई प्रभावकारी बनाईएको छ ।
- आयोजनाको संख्या धेरै, कर्मचारीको अभाव, उपभोक्ता समितिलाई लागत सहभागिता जुटाउन असहज आदि कारणले योजना सञ्चालनमा चुनौतीको सामना गर्नु परेको छ ।

**आर्थिक विकास तर्फ**

- गाउँपालिका स्तरीय मिनि कोल्डस्टोर भवनको ठेक्का व्यवस्थापन भई द्रुत गतिमा निर्माणको काम भईरहेको छ ।
- कृषि तर्फ व्यवसायिक च्याउ खेती तालिम, भकारो सुधार, साना सिचाई, माटो परीक्षण तथा समस्या व्यवस्थापन, मैारी घार ५० प्रतिशत अनुदानमा वितरण, फलफुल बिरुवा वितरण जस्ता कार्यक्रम संचालन भईरहेका वा यसै आ.ब.मा हुने क्रममा छन् ।
- पशुपालक कृषकहरुको लागि ३ दिने बाखापालन तालीम सम्पन्न गरिएको छ ।
- औषधि तथा भ्याक्सिन खरीद र कृषकहरुलाई घाँसको बेर्ना वितरण गरिएको छ ।

**सामाजिक विकास तर्फ**

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितासम्पन्न भएको छ ।
- अतिरिक्त शैक्षिक क्रियाकलाप अन्तरगत कविता प्रतियोगिता (कक्षा ११ र १२) र सांस्कृतिक कार्यक्रम (कक्षा ६-८) सम्पन्न भएको छ ।

- यस गाउँपालिकाबाट शैक्षिक सुधारको लागि सुझाव दिन गठन गरिएको आयोगबाट कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ ।
- विद्यालय शौचालय निर्माण ३ वटा, ICT Lab १ वटा, विज्ञान प्रयोगशाला ३ वटाको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ ।
- नीजि श्रोतमा सञ्चालित विद्यालयहरुमा शिक्षक ब्यबस्थापन गर्न अनुदान उपलब्ध यसै आ.ब.मा गराईनेछ ।
- छात्रबृत्ति वितरणका लागि (कक्षा १-८) विद्यालयहरुमा अनुदान निकाशा गरिएको छ ।
- गाउँपालिका स्तरीय कक्षा ८ को परीक्षा गाउँपालिकाकै समन्वय र ब्यबस्थापनमा सम्पन्न भएको छ ।
- SEE परीक्षालाई लक्षित गरी रेडियो कक्षा संचालन गरिएको छ ।
- बैकल्पिक माध्यमबाट कक्षा संचालन गर्ने क्रममा "टोल टोलमा कक्षा" कार्यक्रम सञ्चालनमा आएको छ ।
- दिवा खाजा कार्यक्रम कक्षा इसिडि दखि ५ सम्म सञ्चालनमा रहेको छ ।
- बन्दाबन्दीको समयमा २०७७ जेठ मसान्त भित्रै सबै विद्यार्थीको हात हातमा पाठ्य पुस्तक पुर्‍याउने कार्य सम्पन्न भएको छ ।
- प्रथम पञ्चकन्या चेयरमेनसीप भलिबल प्रतियोगितामा भाग लिई सान्त्वना पुरस्कार प्राप्त भएको छ ।
- विद्यालयहरुको नियमित रुपमा अनुगमन र ब्यबस्थापन गरिएको छ ।
- गाउँपालिका र पुर्णिमा कार्यक्रमको साझेदारीमा २३ वटा खानेपानी आयोजनाहरु सम्पन्न भएका छन् । साथै Wash Master Plan पनि तयार भई स्वीकृत भएको छ ।
- कोरोना भाईरसको नियन्त्रण र व्यवस्थापनको लागि क्वारेन्टाईनको व्यवस्थापन, प्रचार प्रसार कार्यक्रम, राहत वितरण तथा आपतकालीन स्वास्थ सामागी्रहरुको व्यवस्था गरिएको छ ।
- गाउँपालिका स्तरीय स्वास्थ सेवा भवन निर्माणको कार्य द्रुत गतिमा अगाडी बढेको छ ।
- स्वास्थ सेवाका प्रतिरोधात्मक, उपचारत्मक, निरोधात्मक लगायतका नियमति सेवाहरु प्रवाह भईरहेका छन् ।

**वन, वातावरण, विपद् ब्यवस्थापन तर्फ**

- विपद् व्यवस्थापन कोष स्थापना भई विपद्मा परेका व्यक्ति तथा समुदायलाई आवश्यक सहयोग पुऱ्याईएको छ ।
- विपद् व्यवस्थापन तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन गरिएको छ ।
- वन तथा वातावरणमा पर्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्ने गरी विकास निर्माणका कार्य सञ्चालन गर्न प्रयास गरिएको छ ।
- चालु आ.ब.मा लिखु खोलाबाट हेभि मेशीन प्रयोग गरी ढुङ्गा,बालुवा उत्खनन गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिएको छ ।

**संस्थागत विकास र क्षमता अभिबृद्धि तर्फ**

- सूचना प्रविधि मैत्री कार्यालय स्थापनाको लागि ६ वटा वडाकार्यालहरुमा ईन्टरनेट पुऱ्याईएको छ भने बाँकी वडा कार्यालय तथा स्वास्थ चौकीहरुमा यसै आ.ब.मा पुऱ्याईने छ ।
- चालु आ. व. मा यस गाउँपालिकाबाट जलश्रोत कार्यविधि २०७६, उद्योग व्यवसाय दर्ता कार्यविधि २०७६, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७६ स्वीकृत गरी लागु गरिएको छ ।
- पुर्णिमा कार्यक्रमको सहयोगमा गाउँपालिका स्तरीय न्यायिक समितिका सदस्यहरू तथा कर्मचारीहरूका लागि द्वन्द्व निरुपण तथा मेलमिलाप सम्बन्धी प्रशिक्षण,सम्पन्न भएको छ ।
- पुर्णिमा कार्यक्रमको सहयोगमा गाउँपालिकाका कर्मचारीहरुको लागि ई-बिडिङ तालीम र प्राविधिक कर्मचारीको लागि GIS तालीम सम्पन्न भएको छ ।
- न्यायीक समितिका पदाधिकारीहरु, महिला जनप्रतिनिधिहरु, महिला संजालका पदाधिकारीहरु तथा मेलमिलापकर्ता संयोजकहरुको लागि कानुनी विषयक एक दिवसीय अभिमुखीकरण कार्यक्रम, सम्पन्न भएको छ ।

**सामाजिक सुरक्षा तर्फ**

- यस आ.व. को प्रथम चौमासिकमा २ हजार २२५ जनालाई रु. २ करोड २७ लाख ३४ हजार ४ सय र दोश्रो चौमासिकमा २ हजार १४८ जनालाई रु २ करोड २१ लाख ४ हजार ४ सय सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

**सभा अध्यक्षज्यू,**

अब म यस सम्मानित सभा समक्ष आगामी आ.ब. २०७७/७८ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेट निर्माण गर्दा राष्ट्रिय तथा प्रदेश योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दीगो विकासका लक्ष्यहरु हासिल गरी राष्ट्रिय प्रतिवद्धतालाई पुरा गर्ने कार्यमा यस गाउँपालिकाबाट सो अनुरुपका क्रियाकलाप सञ्चालन गरिने गरी बजेट विनियोजन गरेका छौ । साथै गाउँपालिकाको सोच र आवधिक योजनाले निर्दिष्ट गरेका विषयगत उद्देश्यहरु हासिल गर्ने अभिप्रायका साथ उत्पादन वृद्धि, रोजगारका अवसरको सिर्जना, शैक्षिक गुणस्तरमा सुधार, स्वास्थ्य सेवाको स्तरोन्नती तथा पुर्वाधार विकासलाई जोड दिईएको छ ।

**शिवपुरी गाउँपालिकाको बजेटका उद्देश्यहरु यस प्रकार छन् :**

- भविष्यमा आइपर्न सक्ने विपद्को उचित ब्यवस्थापन गर्न सक्षम हुने ।
- आर्थिक, शैक्षिक तथा सामाजिक विकासमा शिवपुरी गाउँपालिकालाई अग्रणी गाउँपालिकाको रुपमा विकास गर्ने ।
- स्थानीय तहको विकास गतिविधिमा जनतालाई प्रत्यक्ष रुपमा सहभागी गराउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने ।

**बजेटका प्राथमिकताहरु**

- शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र सरसफाईमा लगानी,
- पुर्वाधार कार्यक्रममा लगानी र श्रम परिचालन मार्फत रोजगारीको अवसरमा बृद्धि,
- कृषि र पशुपालन तर्फ क्षेत्रगत रणनीति तर्जुमा गरी पकेट क्षेत्र अनुसार कृषिको आधुनिकीकरण र ब्यवसायीकरण,

**यस सभाका सभाअध्यक्षज्यू,**

माथि उल्लिखित उद्धेश्य तथा प्राथमिकता हासिल गर्नको लागि आगामी आ.व. २०७७/७८ को लागि कुल रु. ४९ करोड २६ लाख ५३ हजार) बजेट विनियोजनको प्रस्ताव गरिएको छ । यस विनियोजनमा नेपाल सरकार मार्फत सिधै कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्राप्त हुने सामाजिक सुरक्षाको बजेट समावेश गरिएको छैन ।

आगामी आ.व. २०७७/७८ को लागि राजश्व तथा अनुदान प्राप्तिको आय सम्बन्धी विवरण निम्नानुसार अनुमान गरिएको छ ।

| | | |
|---|---|---|
| **राजस्व तथा अनुदान प्राप्तिको अनुमान** | | |
| आ.व.२०७७/७८ | | |
| | | रु. हजारमा |
| | **शीर्षक** | **आ.व. २०७७/७८ को लक्ष्य** |
| **राजस्वः** | | **११ करोड १९ लाख ५३ हजार** |
| | **आन्तरिक राजस्वः** | **२ करोड १५ लाख ६४ हजार** |
| १ | सम्पत्ती कर | ५० हजार |
| २ | घरबहाल कर | ३० हजार |
| ३ | घरजग्गा रजिष्ट्रेशन शुल्क | १५ लाख |
| ४ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | ९ लाख |
| ५ | भूमिकर (मालपोत) | ८ लाख |
| ६ | प्राकृतिक स्रोत साधन व्यवसायिक कर/नदिजन्य पदार्थ उत्खनन निकासी | १९ लाख ८० हजार |
| | अन्य आय | १ करोड ६३ लाख ४ हजार |
| | **राजस्व बाँडफाँडः** | **८ करोड ९५ लाख ८९ हजार** |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | |
| क | नेपाल सरकार मार्फत | ६ करोड ५७ लाख ५४ हजार |
| ख | सवारी साधन कर बापत प्रदेशबाट | २ करोड ३८ लाख ३५ हजार |
| | **अन्य आयः** | **८ लाख** |
| | ग्रामीण सडक मर्मत सम्भार (सडक बोर्ड नेपाल) | ८ लाख |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | ३८ करोड सात लाख |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | ३२ करोड २ लाख |
| १ | वित्तीय समानीकरण अनुदान | ८ करोड ९० लाख |
| २ | सशर्त अनुदान | २० करोड २ लाख |
| ३ | समपूरक अनुदान | ८० लाख |
| ४ | विशेष अनुदान | २ करोड ३० लाख |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | ६करोड ५ लाख |
| १ | वित्तीय समानीकरण अनुदान | ९९ लाख १७ हजार |
| २ | सशर्त अनुदान | २ करोड ५ लाख ८३ हजार |

| | | |
|---|---|---|
| ३ | समपूरक अनुदान | २ करोड ५० लाख |
| ४ | विशेष अनुदान | ५० लाख |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | 0 |
| | सशर्त अनुदान | 0 |
| **जनसहभागिताः** | | 0 |
| | नगद सहभागिता | 0 |
| | श्रम तथा वस्तुगत सहायता | |
| **कूल आय जम्मा)** | | ४९ करोड ४८ लाख ५३ हजार |

**सभा अध्यक्षज्यू,**

**अब म बिनियोजित बजेटको क्षेत्रगत प्रस्तुती गर्न गईरहेको छु।**

| आ.ब.२०७७/७८ को क्षेत्रगत/आयोजनागत बजेट बिनियोजन | | |
|---|---|---|
| **क्र.स.** | **कार्यक्रम/आयोजना/क्षेत्र/उपक्षेत्र** | **बजेट रु.हजारमा** |
| १ | चालु आ.ब.को दायित्व | ३ करोड १२ लाख |
| २ | प्रशासिनिक खर्च | ३ करोड ८६ लाख ७८ हजार |
| ३ | वडा प्रशासनीक खर्च | ४१ लाख ९२ हजार |
| ४ | कोल्डस्टोर समपुरक | ८० लाख |
| ५ | राजश्व बाँडफाँड कमी प्राप्त हुँदा बजेट सन्तुलनको लागि | ५० लाख |
| ६ | गाउँपालिका भवन फर्निचर र सभाहल व्यवस्थापन | २० लाख |
| ७ | वडा नं.६ र ८ फर्निसिङ्ग | ५ लाख |
| ८ | सामुदायिक भवन (विपद्ध व्यवस्थापन) निर्माण | ४० लाख |
| ९ | गाउँपालिका स्वागत द्वार | १० लाख |
| १० | वडा भवन निर्माण | १ करोड |
| ११ | मेशीनरी औजार | ५ लाख |
| १२ | गार्डेनिङ्ग | ५ लाख |
| १३ | सूचना प्रविधि विकास | १० लाख |
| १४ | शिक्षा | ४० लाख |
| १५ | स्वास्थ | ४० लाख |
| १६ | लक्षित वर्ग | १५ लाख |
| १७ | पर्यटन | ५ लाख |
| १८ | न्यायीक समिति | ५ लाख |
| १९ | विपद | १० लाख |

| | | |
|---|---|---|
| २० | मर्मत सम्भार | ४०लाख |
| २१ | आर्थिक सहायता | १५ लाख |
| २२ | गाउँपालिका भवन AC | ५ लाख |
| २३ | कृषि भेटरिनरी | ८० लाख |
| २४ | प्रदेश समपूरक | २ करोड ५० लाख |
| २५ | जनज्ञान क्याम्पस सहयोग | ५ लाख |
| २६ | प्राविधिक शिक्षालय कक्षाकोठा र बाख्रा फर्म निर्माण | ४० लाख |
| २७ | ईजलास निर्माण | ५ लाख |
| २८ | एम्बुलेन्स | १५ लाख |
| २९ | समपूरक | २५ लाख |
| ३० | बन बातावरण विपद योजना | ५ लाख |
| ३१ | खानेपानी पाईप | १० लाख |
| ३२ | सिंचाई पाईप | ५ लाख |
| ३३ | तारजाली | ५ लाख |
| ३४ | त्रिवेणीधाम चिता र पूर्वाधार निर्माण | १० लाख |
| ३५ | टोड्के भञ्याङ सिलामे मोटरबाटो स्तरोन्नति (सडक बोर्ड मार्फत) | ८ लाख |
| ३६ | मठ मन्दिर गुम्बा | २० लाख |
| ३७ | शिवपुरी गोल्डकप लगायत अन्य खेलकुद | ४० लाख |
| ३८ | शेरावगर भलिवल मैदान निर्माण | ३ लाख |
| ३९ | MBBS Doctor सहितको स्वास्थ सेवा सुदृढिकरण | १५ लाख |
| ४० | गाउँपालिका भवन सरसफाई तथा व्यवस्थापन | ७ लाख |
| ४१ | मध्यहाडी लोकमार्ग शेर्पाडाँडा छिरिङमोड हिल्चे हुँदै चिसापानी सडक | १५ लाख |
| ४२ | तामाङ तथा गुरुङ समुदाय चित्ता तथा पाटी निर्माण | ३५ लाख |
| ४३ | सार्वजनिक शौचालय | १५ लाख |

| | | |
|---|---|---|
| ४४ | एकल पुरुष भत्ता | १५ लाख |
| ४५ | गाउँपालिका भवन सम्पन्न प्रोत्साहन रकम | २२ लाख |
| ४६ | ८ वटा वडा (हरेक वडामा ३० लाखका दरले वडा सिलिङ) | २ करोड ४० लाख |
| | **जम्मा** | **२१ करोड ३० लाख ७० हजार** |
| ४७ | संघ र प्रदेश सशर्त समपूरक विशेष योजना/कार्यक्रम | २८ करोड १७ लाख ८३ हजार |
| | **कूल जम्मा** | **४९ करोड ४८ लाख ५३ हजार** |

**अव म क्षेत्रगत रुपका प्राथमिकता र प्रमुख योजना तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।**

१) **पूर्वाधार तथा भौतिक संरचना बिकास :**

- विभिन्न आयोजनाहरु तर्फ यस आर्थिक बर्षको दायित्वको लागि रु.३ करोड १२ लाख विनियोजन गरिएको छ ।
- तामाङ तथा गुरुङ समुदायको मरनघाटमा चिता तथा पाटी निर्माणको लागि रु ३५ लाख विनियोजन गरिएको छ ।
- शेरावगर भलिबल मैदान निर्माणको लागि रु ३ लाख विनियोजन गरिएको छ ।
- वडा भवन निर्माणको लागि रु.१ करोड विनियोजन गरिएको छ ।
- सडक बोर्ड तर्फ ८ लाख विनियोजन गरिएको छ ।
- मठ मन्दिर गुम्बा निर्माण तर्फ रु २० लाख विनियोजन गरिएको छ ।
- मध्य पहाडी लोकमार्ग शेर्पाडाँडा छिरिङमोड हिल्चे हुदै चिसापानी सडकलाई रु १५ लाख विनियोजन गरिएको छ ।
- प्रदेश सरकार समपुरक कार्यक्रम तर्फ खर्च गर्ने गरी रु २ करोड ५० लाख विनियोजन गरिएको छ ।
- मर्मत सम्भार तर्फ रु ४० लाख विनियोजन गरिएको छ ।

२) **आर्थिक प्रशासन तथा राजस्व परिचालन :**

- आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

## ३) सामाजिक विकास

### (क) अध्ययन अनुसन्धान, वातावरण, तथा विपद्ध ब्यवस्थापन, स्वास्थ्य तथा सरसफाईः

- गाउँपालिकाको न्यायिक सम्पादनमा प्रवाभाकारीता एवं विश्वसनियता बृद्धि गर्न स्थानीय न्यायिक समितिलाई सक्षम सवल बनाउन आवश्यक बजेट विनियोजन गरिएको छ ।
- स्वास्थ्य तर्फको कार्यक्रमको लागि रु ४० लाख विनियोजन गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा Lab, Video X-ray सुविधा सहित MBBS Doctor सहितको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन रु.१५ लाख विनियोजन गरिएको छ ।
- उपाध्यक्ष संग मातृशिशु पोषण कार्यक्रमको लागि रु.५ लाख विनियोजन गरिएको छ ।
- गाउँपालिकाको स्वास्थ्य शाखा अन्तरगत रहने गरी एम्बुलेन्स खरीदको लागि रु १५ लाख विनियोजन गरिएको छ ।

### ख) समुदाय विकास तथा समावेशी विकास :

- महिला, बालबालिका आदिवासी जनजाती, दलित, अपाङ्ग, जेष्ठ नागरिकको क्षेत्रमा विविध कार्यक्रम गर्न लक्षित वर्ग तर्फ रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

### ग) शिक्षा, कृषि, बन, व्यापार, खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति, सुरक्षाः

- शिक्षा तर्फका कार्यक्रमको लागि रु.४० लाख विनियोजन गरिएको छ ।
- शिवपुरी गोल्डकप लगायत अन्य खेलकुदको लागि रु ४० लाख विनियोजन गरिएको छ ।
- प्राविधिक शिक्षालय कक्षाकोठा र बाख्रा फर्म निर्माणको लागि रु ४० लाख वजेट व्यवस्थापन गरिएको छ ।
- सिंचाई पाईपको ब्यबस्थाको लागि रु.५ लाख विनियोजन गरिएको छ ।
- कृषि भेटेरिनरी तर्फको कार्यक्रमको लागि रु ८० लाख विनियोजन गरिएको छ ।
- वन, वातावरण विपद् योजना निर्माणको लागि रु ५ लाख विनियोजन गरिएको छ ।

### घ) पर्यटन विकास

- पर्यटन प्रवर्द्धनको लागि रु.५ लाख विनियोजन गरिएको छ ।

**ङ) सार्वजनिक सेवा, सुशासन प्रवर्द्धन एवं संगठन विकास, अध्ययन, अनुसन्धान :**

- यस आ.ब.मा करारमा कार्यरत कर्मचारीको संख्या यथावत कायम गर्न प्रस्ताव गरेको छु। सो बमोजिम बजेटको विनियोजन गरिएको छ। कार्यरत कर्मचारीको निरन्तरताका सम्बन्धमा आवश्यक निर्णय गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरेको छु।
- सार्वजिनक सेवा प्रवाह गर्न, सुशासन कायम गर्न, संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।
- योजना सञ्चालन व्यवस्थापनको लागि भौतिक पूर्वाधारका योजनामा ३ प्रतिशत कन्टिन्जेन्सी काट्न प्रस्ताव गरेको छु।
- चालु आ.ब.भएको व्यवस्था बमोजिम नै आ.ब. २०७७/७८ मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाको हकमा कम्तीमा ५ प्रतिशत लागत सहभागिताको व्यवस्थाको लागि प्रस्ताव गरेको छु।
- हरेक वडामा रु ५ लाख २३ हजार १ सयका दरले कुल रु ४१ लाख ८४ हजार ८ सय पशासनिक खर्च विनियोजन गरेको छु।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक लगायत क्षेत्रमा सुधार गर्दै विकसित र समुन्नत बनाउनु हामी सबैको दायित्व हो। बजेट मार्फत विनियोजित परियोजना तथा कार्यक्रमको कार्यान्वयन मार्फत सम्बृद्ध शिवपुरी बनाउनको लागि सम्पूर्ण गाउँवासी एक मत हुनेछौ भन्ने विश्वास लिएको छु।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट निर्माणमा सहभागि भई रचनात्मक भूमिका निर्वाह गर्नुहुने वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु प्रति पनि आभारी छु। बजेट तर्जुमा गर्दा सुझाव प्रदान गर्नुहुने स्थानीय राजनीतिक दलका नेतृत्वकर्ताहरु, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर सरकारी क्षेत्रका प्रतिनिधिहरु, कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।

मञ्जु के.सी.
(उपाध्यक्ष)

मिति : २०७७ असार १० गते।